आज मिती २०८०।०६।१५ गते जिल्ला सरकारी वकिल कार्यालय लमजुङमा जिल्ला न्यायाधिवक्ता श्री पूर्णबहादुर थापामगर संयोजकत्वमा सम-सामयिक विषयमा अनुसन्धान अधिकृत ज्यू र अनुसन्धान अधिकृत बिच छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थित पदाधिकारी

श्री पूर्णबहादुर थापामगर जिल्ला न्यायाधिवक्ता
श्री राजकुमार श्रेष्ठ स० जिल्ला न्यायाधिवक्ता
श्री प्र०नि० भेबनाथ चापागाई जि०प्र०का०
श्री प्र० नि० थानेश्वर चापागाई जि०प्र०का०
श्री शंकर पुरी वन अधिकृत डिभिजन वन कार्यालय
श्री प्र०ना०नि० नवीन कुमार श्रेष्ठ जि०प्र०का०
श्री सुनिता रायमाझी रकरिहार

निर्णयहरु

१. २ वर्षे तामेली मुद्दाको मिसिल जिल्ला प्रहरी कार्यालयबाट निर्णयको लागि जिल्ला सरकारी वकिल कार्यालय पठाउँदा कम्तिमा २ वर्ष अवधी पूरा हुने ३० दिन अगावै मिसिल पठाउने निर्णय गरियो ।

२. डिभिजन वन कार्यालय लमजुङको अनुसन्धान अधिकृत (वन अधिकृत) बाट हुने वन मुद्दाहरुको अनुसन्धानको कार्य कानुनले तोकेको अवधि भित्र कानुन बमोजिमको प्रक्रियाहरु पूरा गरी छिटो छरितो अनुसन्धानको कार्य पूरा गरी निर्णय निकासाको लागी समयमै राय सहित मिसिल सरकारी वकिल कार्यालयमा पठाउने ~~राय सहित मिसिल सरकारी~~ व्यवस्था गर्ने । सरकारी वकिल कार्यालयबाट निर्देशन सहित मिसिल फिर्ता भएको अवस्थामा समयमै निर्देशन अनुसारको सबै कार्य पूरा गरी कानुन बमोजिमको समय अवधिमै निर्णय निकासाको लागी राय सहित मिसिल पेश गर्ने निर्णय गरियो ।